# कृषि सामग्री कम्पनी लिमिटेड

**KRISHI SAMAGRI COMPANY LTD (KSCL)**

(An Undertaking of Government of Nepal)

**प्रधान कार्यालय, काठमाडौं**

## पदपूर्ति सम्बन्धी सूचना

**(प्रकाशन मिति: २०८१/०७/३० गते)**

लोक सेवा आयोगको मिति २०८१/०७/२७ गतेको सहमति र कम्पनी पदपूर्ति समितिको मिति २०८१/७/२९ गतेको निर्णयानुसार कम्पनीमा रिक्त रहेका देहायका पदहरुको पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### (क) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

यस कम्पनीमा रिक्त रहेका देहायका पदहरुमा कार्य क्षमताको मूल्याङ्कनको आधारमा बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले कृषि सामग्री कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०८० को विनियम ३२ अनुसार तोकिएको सेवा अवधि पुरा गरेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका तथा विनियम ३३ बमोजिम अयोग्य नभएका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तोकिए बमोजिमको बढुवा फाराम भरी जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता (समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको) को प्रमाणित प्रतिलिपी तथा सेवाकालीन तालिम लिएको प्रमाणपत्र लगायत अन्य आवश्यक कागजपत्रहरुको प्रतिलिपी आफैले प्रमाणित गरी कम्पनीको प्रधान कार्यालय, योजना तथा जनशक्ति व्यवस्थापन महाशाखामा पेश गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं | विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १-०८१/८२ | प्रबन्धक | अधिकृत प्रथम | - | - | ३ (तीन) |
| २ | २-०८१/८२ | उप-प्रबन्धक (प्रशासन) | अधिकृत द्वितीय श्रेणी | प्रशासन | प्रशासन | ३ (तीन) |
| ३ | ३-०८१/८२ | उप-प्रबन्धक (सिभिल) | | प्राविधिक | इन्जिनियरिङ्ग | १ (एक) |
| ४ | ४-०८१/८२ | उप-प्रबन्धक (बाली विकास) | | | कृषि | १ (एक) |
| ५ | ५-०८१/८२ | सहायक प्रबन्धक (प्रशासन) | अधिकृत तृतीय श्रेणी | प्रशासन | प्रशासन | ५ (पाँच) |
| ६ | ६-०८१/८२ | बरिष्ठ सहायक (प्रशासन) | सहायक प्रथम श्रेणी | प्रशासन | प्रशासन | १२ (बाह्र) |
| ७ | ७-०८१/८२ | बरिष्ठ सहायक (कम्प्यूटर) | | | विविध | १ (एक) |
| ८ | ८-०८१/८२ | बरिष्ठ सहायक (कृषि प्राविधिक) | | प्राविधिक | कृषि | १ (एक) |

### (ख) आन्तरिक/खुला (समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने विज्ञापन सम्बन्धी सूचना

यस कम्पनीमा रिक्त रहेका पदहरुमा आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लेखित योग्यता पुगेका आन्तरिक प्रतियोगितातर्फ कम्पनीको सेवामा कार्यरत सम्बन्धित सेवा, समूहको एक श्रेणी मुनीको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र अधिकृतस्तरको हकमा कम्तिमा पाँच वर्ष र सहायकस्तरको हकमा कम्तिमा तीन वर्ष (समावेशी समूहको हकमा एक बर्ष कम भए हुने) स्थायी सेवा गरेका कर्मचारीहरुले रिक्त पदको सम्बन्धित श्रेणी मुनीको पदमा र खुला प्रतियोगितातर्फ दरखास्त पेश गर्न इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र रितपूर्वकको दरखास्त आव्हान गरिएको छ । तोकिएको योग्यता पुगेका उम्मेदवारहरुले यस कम्पनीको अनलाइन दरखास्त प्रणाली https://vacancy.kscl.gov.np/job-list मार्फत आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं | विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | पद संख्या | आ.प्र.,खुला/समावेशी | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९-०८१/८२ | प्रबन्धक | अधिकृत प्रथम | | | १ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानूनबमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा सात वर्षको कार्य अनुभव हासिल गरेको। तर विद्यावारिधि गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुईवर्ष कम भएपनि हुनेछ। |
| २ | १०-०८१/८२ | उप-प्रबन्धक | अधिकृत द्वितीय | प्रशासन | प्रशासन | १ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानूनबमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको। तर विद्यावारिधि गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुईवर्ष कम भएपनि हुनेछ। |
| | ११-०८१/८२ | | | | | १ | खुल्ला/समावेशी महिला | |
| ३ | १२-०८१/८२ | उप-प्रबन्धक | अधिकृत द्वितीय श्रेणी | प्रशासन | लेखा | १ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानूनबमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको। तर विद्यावारिधि गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुईवर्ष कम भएपनि हुनेछ। |
| ४ | १३-०८१/८२ | सहायक प्रबन्धक (प्रशासन | अधिकृत तृतिय | प्रशासन | प्रशासन | २ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| | १४-०८१/८२ | | | | | १६ | खुला/समावेशी: खुला- ८, | |
| | १५-०८१/८२ | | | | | | महिला -२, | |
| | १६-०८१/८२ | | | | | | आ.ज- २, | |
| | १७-०८१/८२ | | | | | | मधेशी-२, | |
| | १८-०८१/८२ | | | | | | अपांग-१, | |

| क्र.सं | विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | पद संख्या | आ.प्र.,खुला/ समावेशी | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| | १९-०८१/८२ | | | | | | पि.क्षे.-१ | |
| ५ | २०-०८१/८२ | सहायक प्रबन्धक (लेखा) | अधिकृत तृतीय | प्रशासन | लेखा | १ | खुला/समावेशी: महिला | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ६ | २१-०८१/८२ | सहायक प्रबन्धक (कम्प्यूटर) | | प्रशासन | विविध | १ | खुला/समावेशी: खुला | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर ईञ्जिनियरिङ्ग वा कम्प्युटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातक तह उत्तीर्ण। |
| ७ | २२-०८१/८२ | सहायक प्रबन्धक (बाली विकास) | अधिकृत तृतीय | प्राविधिक | कृषि | १ | आ.प्र.-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा स्नातक वा सो सरह उत्तीर्ण। |
| | २३-०८१/८२ | | | | | ५ | खुला/समावेशी: खुला-२, | |
| | २४-०८१/८२ | | | | | | महिला-१ | |
| | २५-०८१/८२ | | | | | | आ.ज-१, | |
| | २६-०८१/८२ | | | | | | मधेशी-१ | |
| ८ | २७-०८१/८२ | बरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | प्रशासन | २ | आ.प्र.-२ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा कक्षा १२ एस.एल.सी.ई. वा सो सरह उत्तीर्ण। |
| | २८-०८१/८२ | | | | | १२ | खुला/समावेशी: खुला- ७, | |
| | २९-०८१/८२ | | | | | | महिला-१, | |
| | ३०-०८१/८२ | | | | | | आ.ज.- २, | |
| | ३१-०८१/८२ | | | | | | मधेशी- १, | |
| | ३२-०८१/८२ | | | | | | अपांग- १ | |
| ९ | ३३-०८१/८२ | सहायक | सहायक द्वितीय | प्रशासन | प्रशासन | २० | खुला/समावेशी: खुला-११, | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण। |
| | ३४-०८१/८२ | | | | | | महिला-३, | |
| | ३५-०८१/८२ | | | | | | आ.ज-२, | |
| | ३६-०८१/८२ | | | | | | मधेशी-२, | |
| | ३७-०८१/८२ | | | | | | दलित-१, | |
| | ३८-०८१/८२ | | | | | | अपांग-१ | |
| १० | ३९-०८१/८२ | सहायक (कम्प्यूटर) | सहायक द्वितीय | प्रशासन | विविध | २ | खुला/समावेशी: खुला- १, | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.ई.ई. वा सो सरह उत्तीर्ण वा एस.ई.ई. उत्तीर्ण भई रजिष्टर्ड संस्थाबाट कम्तिमा छ महिनाको कम्प्युटर तालिम प्राप्त। |
| | ४०-०८१/८२ | | | | | | मधेशी- १ | |
| ११ | ४१-०८१/८२ | सहायक | | प्राविधिक | कृषि | २ | खुला/समावेशी: खुला- १, | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.ई.ई. वा टि.एस.एल.सि. उत्तीर्ण वा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी न्युनतम १ वर्ष जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त। |
| | ४२-०८१/८२ | | | | | | महिला- १ | |

**बिशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण परमादेशको आदेश बमोजिम जारी हुने ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण भए बमोजिम हुने गरी हाललाई कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०८० बमोजिम विज्ञापन सूचना प्रकाशन गरिएको छ।

**नोटः**

१. **परीक्षाको किसिमः-** लिखित, मामिला प्रस्तुतीकरण, प्रयोगात्मक परीक्षा (प्रयोगात्मक परीक्षा हुने पदहरुको लागि मात्र), अन्तर्वार्ता र पाठ्यक्रममा तोकिएका अन्य विधिहरु ।

२. **पाठ्यक्रम-** विज्ञापित पदहरुका पाठ्यक्रम कम्पनीको वेवसाईट www.kscl.gov.np बाट प्राप्त गर्न सकिनेछ।

३. **परीक्षा केन्द्रः-** काठमाडौं उपत्यकामा रहनेछ । सबै पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगबाट निर्धारण भए पश्चात प्रकाशन गरिनेछ ।

४. कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको दस्तुर कम्पनीको कालिमाटीस्थित नेपाल इन्भेष्टमेन्ट मेघा बैंकको खाता नं. ०१७०१०३०००१९२२ मा जम्मा गर्नुपर्नेछ। आन्तरिक/खुला (समावेशी) प्रतियोगितामा दरखास्त दिने उम्मेदवारहरुले दरखास्त फाराम भरिसकेपछि खल्ती वा Connect IPS मध्ये कुनै एक माध्यमबाट दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

५. **दरखास्त दस्तुरः-** प्रबन्धकका लागि रु.२,५००।-, उप-प्रबन्धकका लागि रु.२,०००।-, सहायक प्रबन्धकका लागि रु.१,२००।- बरिष्ठ सहायकका लागि रु. ७००।-, सहायकका लागि रु. ५००।- परीक्षा दस्तुर लाग्नेछ । एकै उम्मेदवारले एउटै पदका लागि एक भन्दा बढी समूहमा सहभागी हुने भएमा सहायक प्रबन्धकको हकमा रु. ४००।-, बरिष्ठ सहायकको हकमा रु.२००।- र सहायकको हकमा रु.१५०।- थप दस्तुर बुझाउनु पर्नेछ ।

६. अनलाइन प्रणालीबाट दरखास्त बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा तोकिएको दस्तुरसहित दरखास्त पेश गरिसक्नु पर्नेछ ।

७. विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुनेछैन ।

८. **दरखास्त दिने अन्तिम दिनः-** २०८१/८/२० गते । थप दस्तुरसहित दरखास्त दिने अन्तिम मिति २०८१/८/२७ गतेसम्म ।

९. **उम्मेदवारको उमेर हदः-** अधिकृत द्वितीय श्रेणीका लागि २१ बर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको, अधिकृत तृतीय श्रेणीका लागि २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको, सहायक श्रेणीका लागि १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । महिला तथा अपांगता भएका व्यक्तिहरु ४० बर्षको उमेरसम्म उम्मेदवार हुन सक्नेछन् र कम्पनीको सेवामा सेवारत स्थायी कर्मचारीलाई खुला प्रतियोगितामा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

१०. **तलव भत्ता तथा अन्य सुविधाः-** कम्पनीको नियमानुसार हुनेछ ।

११. **काम गर्नुपर्ने स्थानः-** प्रधान कार्यालय तथा मातहतका कार्यालयहरु ।

१२. **गर्नुपर्ने कामः-** सम्बन्धित पद, सेवा, समूहका लागि तोकिएको कार्य विवरण अनुसार हुनेछ ।

१३. **परीक्षणकाल-** १ बर्ष, महिलाको हकमा ६ महिना मात्र ।

१४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१६. समावेशीतर्फको दरखास्त बुझाउने उम्मेदवारले समावेशी समूह खुल्ने कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१७. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमको बिवरणहरु खुलाउनु पर्नेछ ।

१८. कम्पनीको पदपूर्ति समितिको सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन ।

१९. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम अनुसार माग भएका पद संख्यामा नियुक्तिका लागि सिफारिश गरिनेछ ।

२०. यस सूचनामा उल्लेख नभएका बिषयहरुको हकमा कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०८० र अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।

२१. **समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरुः-**

"(क) आदिवासी जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा । तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भएको भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।"

"(ख (मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

"(ग (दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ।"

(घ) अपाङ्गता भएका व्यक्तिहरुका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा (४) को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्रको आधारमा।

(ङ) पिछडिएको क्षेत्रको हकमा उपविनियम (५) को स्पष्टीकरणको (क) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा।

२२. **अनलाइन प्रणालीमा दरखास्त दिँदा ध्यान दिनुपर्ने कुराहरुः-**

(क) अपलोड गर्नुपर्ने कागजातः- उम्मेदवारको दुबै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाण-पत्र, समावेशीको हकमा समावेशी प्रमाण-पत्र, शैक्षिक योग्यताको प्रमाणपत्रसहित सम्बन्धित विज्ञापनका लागि तोकिएका अन्य आवश्यक कागजातहरु अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ ।

२३. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

२४. बिज्ञापनसँग सम्बन्धित थप जानकारीका लागि कृषि सामग्री कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौं फोन नं. ०१-५३७९३६१ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**सदस्य-सचिव**
**पदपूर्ति समिति**